# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, असार ७ गते २०४० साल ( अतिरिक्ताङ्क १०

### राष्ट्रिय पञ्चायत सचिवालयको
### सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको चौतीसौं अधिवेशनलाई २०४० साल आषाढ ७ गते रोज ३ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२१

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

१. राष्ट्रिय जनमतसंग्रहपछि गत तीन वर्षभित्र मुलुकमा सम्पन्न भएका महत्त्वपूर्ण राजनैतिक अभ्यासहरूपछि राष्ट्रिय चिन्तन, आवश्यकता र लोकसम्मतिको आधारमा खडा भएको दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था आफ्नो मौलिकतालाई अक्षुण्ण राख्दै जन-आकाँक्षानुरूप सुदृढ हुँदै आइरहेको छ। पञ्चायत तथा वर्गीय सङ्गठन-हरूका केन्द्रदेखि लिएर तल्लो तहसम्मका सबै इकाईहरू पनि निर्वाचनद्वारा सङ्गठित भइसकेका छन्। यसरी सिद्धान्ततः जगँदेखि माथि उठ्ने पञ्चायत व्यवस्था व्यावहारिक अर्थमा नेपाली जनजीवनमा जरो हाल्दै बढ्न सकेको छ।

२. हाम्रो संविधानले परिकल्पना गरेको समाजको निर्माणको लागि पञ्चायतका प्रत्येक तहमा व्यापक जनसहभागिताको परिचालन हुनसकी सिर्जनात्मक प्रतिभाको उपयोग, अधिकतम लाभको दृष्टिले साधनको विनियोजन र विकासको प्रतिफलको न्यायपूर्ण वितरण हुनसक्ने स्थिति खडा गर्नेतर्फ आज हामी सबैको ध्यान जानु परेको छ। भोक, रोग र अशिक्षा जस्ता सर्वसाधारण जनताका वास्तविक समस्या समाधानका लागि समेत ग्रामीण विकासको परिकल्पना गरिए तापनि अधिकारको विकेन्द्रीकरण नगरी व्यापक रूपमा सो हुन कठिन देखिएकोले विकासको निमित्त अनिवार्य पूर्वाधारको रूपमा विकेन्द्रीकरणको सिद्धान्त कार्यान्वयन गर्नु नितान्त जरूरी हुन आएको छ। त्यसैले अधिकारलाई औचित्य तथा आवश्यकतानुसार विकेन्द्रित गर्दै लगी आ-आफ्ना क्षेत्रका जनताको सर्वाङ्गीण विकासको निमित्त सोच्ने र जिम्मेदारी बहन गर्नसक्ने ढङ्गले स्थानीय पञ्चायतहरूको संस्थागत विकास गर्ने उद्देश्यले विकेन्द्रीकरण ऐन, २०३९ जनसमक्ष ल्याइएको हो। यो ऐन कार्यान्वयन हुन थालेपछि सबै तहका पञ्चायत-हरूको क्रियाकलापमा एउटा महत्त्वपूर्ण आयामको थालनी हुने कुरा निश्चित छ।

३. अर्थतन्त्रलाई सही दिशातर्फ उन्मुख गराउनाको साथै आर्थिक विकासमा नयाँ गति प्रदान गर्ने उद्देश्यले विगत २०३८ सालको अन्त्यतिर मेरो सरकारले विशेष आर्थिक कार्यक्रम लागू गरेको हो। विकास आयोजनाहरूको कार्यान्वयनलाई बढी व्याव-हारिक तुल्याउन आर्थिक साधन, जनशक्ति, निर्माणसामग्री आदि समयमै आयोजना-स्थलमा पुर्‍याउने तथा क्षेत्रमा कामगर्ने अधिकारीहरूको काम, कर्तव्य र अधिकार निश्चित गर्ने जस्ता टेवा पुर्‍याउने कार्यहरूको पनि व्यवस्था मिलाउन मेरो सरकारले कदम उठाएको हो। फलस्वरूप, केही नयाँ उद्योगहरू चालू भइसकेका छन् र केही आगामी आर्थिक वर्षभित्रै उत्पादनमा आउने भएका छन्। देशभित्र कपडा उत्पादनको लागि आवश्यक पर्ने सूती धागो उपलब्ध गराउने क्षमता भएको कारखाना खडा गर्ने व्यवस्था पनि भइसकेको छ। साथै सरकारी संस्थानहरूको क्रियाकलापमा पनि सुधार आउन थालेको छ। अर्थतन्त्रमा प्रतिकूल प्रभाव पार्ने सब्सिडी प्रणाली क्रमिक रूपमा हटाउँदै लगिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. औद्योगिक उत्पादनमा पनि वृद्धि भएको छ । कृषि उत्पादनतर्फ खाद्यान्न अभावको कमी हटाउन विशेष रूपमा लघु सिंचाइ, बोरिङ्ग, ट्यूववेल आदिको व्यवस्था गरी हिउँदेबाली कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिएको हो । फलस्वरूप, गहूँ र तरकारीको उत्पादन गत वर्षको तुलनामा बढ्न गएको छ । समाजका कमजोर वर्गलाई रोजगारी उपलब्ध गराई उत्पादन समेत बढाउन एकीकृत रूपमा गत वर्ष शुरू भएको सघन बैङ्किङ्ग कार्यक्रम चालू वर्षमा विस्तार गरिएको छ । यसबाट ग्रामीण क्षेत्रका हजारौं परिवार र शहरी क्षेत्रका घरेलु र सेवाव्यवसाय चलाउने धेरै जनता लाभान्वित हुनाको साथै शिक्षित वर्गको निमित्त रोजगारी अभिवृद्धि गर्ने कुरामा सघाउ पुग्न गएको छ । विलासिताका सामानहरूको आयात गत वर्षको तुलनामा घटेको छ । विकृतिहरू हटाई अर्थतन्त्रलाई सही दिशामा उन्मुख गराउनाको साथै औद्योगिक एवं कृषि उत्पादन बढाई रोजगारी दिलाउने दिशामा केही उपलब्धि हासिल गर्नसकी केही वर्ष यता अर्थतन्त्रमा उत्साहवर्द्धक लक्षण देखा परेको थियो । यसैबीच देशभित्र खडेरी परी कृषि उत्पादनमा ह्रास हुन गएको र अन्तर्राष्ट्रिय बजारमा मन्दी आएको कारणबाट हाम्रो निर्यात व्यापारमा प्रतिकूल प्रभाव पर्न गएको छ । त्यसबाट अपेक्षित ढङ्गबाट अर्थतन्त्रलाई अगाडि बढाउन कठिनाइको सामना गर्नु परिरहेको छ । यस समस्याको निराकरणको लागि मेरो सरकारले वित्तीय, मौद्रिक एवं कर्जानीतिमा परिवर्तन ल्याई उपयुक्त कदमहरू उठाइसकेको छ ।

५. नयाँ उद्योगहरूको संस्थापन एवं कृषि तथा अन्य उत्पादनमूलक कार्यक्रमलाई प्राथमिकता दिंदै विकासका स्थायी आधारहरू सुदृढ बनाउने तथा निर्यातजन्य वस्तुहरूको उत्पादनमा वृद्धि ल्याउने कार्यक्रमलाई पर्याप्त लगानी उपलब्ध गराउन र अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको प्रतिस्पर्धात्मक स्थितिमा सुधार ल्याउन प्रोत्साहन दिने अल्पकालीन तथा दीर्घकालीन उपयुक्त वित्तीय एवं मौद्रिक उपायहरू अवलम्बन गर्न मेरो सरकार कटिवद्ध छ ।

६. गत वर्ष मुलुकमा खडेरी परेकोले खाद्यान्नको कमी हुने देखी मेरो सरकारले योजनावद्ध तरीकाले समस्या समाधान गर्नेतर्फ कदम उठाएको छ । देशभित्र उपलब्ध खाद्यान्नलाई ठूलो परिमाणमा परिचालन गर्नाको साथै सहायता स्वरूप प्राप्त खाद्यान्नलाई आवश्यक पर्ने जिल्लाहरूमा सम्भव साधनहरूबाट पुन्याउने व्यवस्था भएको छ । यसरी मेरो सरकार सङ्कटपूर्ण खाद्यस्थितिको समाधानमा राम्ररी जुटेको छ ।

७. कृषि उत्पादन कार्यक्रमलाई अझ प्रभावकारी रूपबाट कार्यान्वयन गरी छैटौं योजनामा निर्दिष्ट लक्ष्यमध्ये खासगरी खाद्यान्न उत्पादनको लक्ष्य आगामी वर्ष पूरा गर्ने मेरो सरकारले अठोट लिएको छ । चिया खेतीलाई वृहत् रूपमा बढाउने उद्देश्यले पूर्वाञ्चल विकासक्षेत्रमा चिया सम्भाव्य क्षेत्र घोषित गरिसकिएको छ र यसमा निजी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रलाई पनि प्रोत्साहन गरिनेछ । यसैगरी अलैंची खेतीको विकास गरी निर्यात प्रवर्द्धन गर्ने दृष्टिले मेरो सरकारले कार्यक्रम सञ्चालन गर्नेछ । तरकारी तथा फलफूलमा आत्मनिर्भर हुने उद्देश्यले यातायात सुविधा भएका तथा शहरी क्षेत्र आसपासका स्थानहरूमा निश्चित तरकारी उत्पादनक्षेत्र तोकी उत्पादनकार्य प्रभावकारी रूपबाट सञ्चालन गरिनेछ।

८. भू-संरक्षण र वातावरणीय समस्यालाई मुख्य रूपमा ध्यानमा राखेर पञ्चायत तथा निजी क्षेत्रलाई समेत संलग्न गरी वन-जङ्गलको संरक्षण तथा वृक्षारोपण कार्यक्रम कार्यान्वयन गरिन थालिएको छ । वनको अतिक्रमण रोक्न वन सुदृढीकरण योजना कार्यान्वयन भइरहेको छ ।

९. मुलुकको आर्थिक विकासको निमित्त हाम्रो अपार जलस्रोतको सदुपयोग महत्त्वपूर्ण स्थायी आधार हुनसक्ने वास्तविकता स्पष्ट हुन थालेको छ । त्यसैले एक दीर्घकालीन आयोजना अन्तर्गत सुनियोजित ढङ्गले सिंचाइ तथा विद्युत्को लागि जलस्रोतको सदुपयोग गर्नु परेको छ । यसै दृष्टिले वाग्मती, सिक्टा, महाकाली, बबई जस्ता वृहत् सिंचाइ आयोजनाहरू सञ्चालित भइरहेका छन् । देवीघाट विद्युत् आयोजना छिटै पूरा गर्ने प्रयास जारी छ । कुलेखानी आयोजनाको दोस्रो चरण प्रारम्भ हुने स्थितिमा पुगेको छ र मर्स्याङ्दी आयोजना छिटै शुरू गर्ने अठोटले काम भइरहेछ । यी आयोजनाहरू सम्पन्न भएपछि विद्युत्को स्थितिमा केही ठोस सुधार हुनेछ । हाम्रो जलस्रोत सम्पदाको प्राचूर्यलाई ध्यानमा राखेर यसबाट हामीलाई अधिकतम लाभ हासिल हुनाको साथै यस क्षेत्रका अन्य छिमेकी मित्रराष्ट्रहरू पनि लाभान्वित हुन सकून् भनी द्विपक्षीय तथा क्षेत्रीय आधारमा समेत जलस्रोतसम्बन्धी आयोजनाहरू कार्यान्वयन गर्ने मेरो सरकारको नीति रहेको छ । यसै नीति अनुसार केही वृहत् जलस्रोत आयोजनाहरूका सम्बन्धमा मेरो सरकारले द्विपक्षीय एवं बहुपक्षीय कुराकानी-प्रारम्भ गरिसकेको छ ।

१०. राष्ट्रिय जनसंख्या आयोगले तयार गरेको जनसंख्यासम्बन्धी लक्ष्य र नीति मेरो सरकारले स्वीकृत गरेको छ र तदनुरूप आवश्यक कदमहरू उठाइनेछन् ।

११. कृषिमा मात्र आश्रित जनसंख्यालाई क्रमशः औद्योगिक क्षेत्रमा रोजगारी प्रदान गर्ने, दैनिक उपभोगका वस्तुहरूमा आत्मनिर्भर हुँदै जाने, क्षेत्रीय आर्थिक असन्तुलन घटाउँदै लाने र उत्पादनमा वृद्धि गर्ने औद्योगिक नीति अनुरूप औद्योगीकरणको प्रयासलाई मेरो सरकारले उच्च प्राथमिकता दिएको छ । यसै सन्दर्भमा यसै आर्थिक वर्ष मेरो सरकारले काठमाडौंमा मन्त्रीस्तरीय सोलिडारिटी बैठकको आयोजना गरी औद्योगीकरणको हाम्रो प्रयासमा मित्रराष्ट्रहरूको सहयोग जुटाउने प्रयत्न गरेको छ । औद्योगीकरणको यस प्रक्रियामा निजी एवं संयुक्त क्षेत्रलाई विशेष रूपमा प्रोत्साहित गरिनेछ । घरेलु तथा ग्रामीण उद्योगको प्रवर्द्धन तथा विस्तार कार्यक्रमलाई पछाडि परेका क्षेत्रहरूमा समेत पुर्‍याइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. महेन्द्र राजमार्गको बाँकी भागको निर्माण सम्पन्न गर्ने मेरो सरकार प्रयत्नशील छ । दीपायल र बैतडीलाई महेन्द्र राजमार्गसँग जोड्ने मार्गहरू निर्माण भइरहेका छन् । साथै मेची अञ्चलको उत्तर-दक्षिण राजमार्गको निर्माणमा पनि प्रगति भइरहेको छ ।

१३. नेपाल आउने पर्यटकहरूको संख्यामा वृद्धि गर्ने लक्ष्यले शाही नेपाल वायुसेवा निगमको सेवा दक्षिण-पूर्व एशियामा विस्तार गर्ने सिलसिलामा ढाका, रंगून र हङ्गकङ्गमा पनि पुऱ्याइएको छ । साथै निकट भविष्यमा नै यो सेवा कराँची र पश्चिम एशियाको दुबाईसम्म विस्तार गरिनेछ । बढ्दो पर्यटकहरूको संख्यालाई ध्यानमा राखेर चार्टर उडानहरूलाई अनुमति दिइने भएको छ । पर्यटकहरूलाई बढी आकर्षित गर्न केही क्षेत्रहरू र हिमालचुलीहरू पर्यटकहरू तथा पर्वतारोहीहरूका लागि खोल्दै जाने नीति लिइएको छ ।

१४. विकासको बढ्दो क्रियाकलापलाई ध्यानमा राखी प्रशासनयन्त्रको क्षमता बढाई मेरो सरकारले आयोजनाहरूको कार्यान्वयनस्थलसम्म स्वचालित रूपमा टेवा पुऱ्याउने कार्यक्रम लागू गरेको छ । यस कार्यक्रम अन्तर्गत आगामी वर्ष कर्मचारीहरूको पदस्थापन र पदोन्नति व्यवस्थामा सामयिक सुधार ल्याउने, सबै तहका कार्यालय तथा आयोजना प्रमुखहरूको काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने तथा काम गर्ने शैलीमा सुधार ल्याउने जस्ता मौलिक कदमहरू चालिएका छन् । जिल्लास्थित कार्यालयहरू तथा विकास आयोजनाहरूलाई आ-आफ्ना कार्य सक्रियताका साथ सम्पन्न गर्न आवश्यक सहयोग पुऱ्याउने तथा प्रशासनद्वारा जनतामा कुनै पीरमर्का पर्न गएको छ भने त्यसको तत्काल निराकरण गराउनको लागि समेत उचित कदम उठाउने उद्देश्यले गत वर्ष जिल्लाहरूमा पठाइएका निरीक्षण टोलीहरूको कार्यबाट अनियमितता, ढीलासुस्ती जस्ता विकृतिहरू नियन्त्रण गर्ने कार्यमा सघाउ पुग्न गएको र विकास आयोजनाहरूको कार्यान्वयनमा पनि सक्रियता देखिएकोले उक्त निरीक्षण टोलीहरूको स्तर बढाई सहायक मन्त्रीले अध्यक्षता गर्ने व्यवस्था गरिएको छ ।

१५. उच्च शिक्षा क्षेत्रमा आवश्यक सुधार गर्ने दृष्टिले गठित शाही उच्च शिक्षा आयोगको प्रतिवेदन प्राप्त भएपछि मेरो सरकारले त्यसलाई अध्ययन गरेर कार्यान्वयन गर्नेछ । विज्ञान एवं प्रविधि शिक्षाको विकासमा जोड दिइनेछ । शिक्षाको गुणस्तर बढाउन विभिन्न कदमहरू उठाइएका छन् । राष्ट्रिय साँस्कृतिक नीतिको तर्जुमा गरी संस्कृतिको विकासलाई प्रोत्साहन गरिनेछ ।

१६. न्याय निष्पक्ष, सरल र सुलभ गराउन प्रचलित न्यायव्यवस्था तथा कार्यपद्धतिमा गर्नु पर्ने सुधारका सम्बन्धमा सुझाव पेश गर्ने शाही न्याय सुधार आयोग गठन भएको छ । उक्त आयोगको प्रतिवेदन प्राप्त भएपछि मेरो सरकारले आवश्यकतानुसार त्यसलाई क्रमशः कार्यान्वयन गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. ग्रामीण जनतालाई स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्यले प्रारम्भ गरिएको सामुदायिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन जनसहभागिताको बढी परिचालन गर्दै लगिनेछ । अस्पतालहरूको सुदृढीकरण गर्नेतर्फ पनि विशेष ध्यान दिनुका साथै उपचारात्मक सेवाको स्तर वृद्धि गर्नेतर्फ प्रयास जारी रहनेछ । वीर अस्पताललाई सुविधा र स्तरयुक्त अस्पताल बनाउनेतर्फ प्रयास भइरहेको छ । सर्वसाधारण जनता विना कठिनाई आयुर्वेदिक तथा आधुनिक औषधीबाट समेत लाभान्वित हुन सकून् भनी देशभित्र जडीबूटीको विकास तथा औषधी उत्पादन गर्न प्रोत्साहन दिइनेछ ।

१८. मेरो सरकारले काठमाडौं र पोखरामा मिडियम वेभ प्रसारण केन्द्रहरू स्थापना गरी प्रभावकारी प्रसारण सेवा प्रारम्भ गरेको छ । चालू आर्थिक वर्षमा काठमाडौंमा सगरमाथा भू-उपग्रह केन्द्र तथा स्वचालित टेलेक्स एक्सचेञ्ज स्थापना भई अन्तर्राष्ट्रिय टेलिफोन तथा स्वचालित टेलेक्स सेवा सञ्चालित भएको छ । नेपाल र बङ्गलादेशबीच सीधा सञ्चार सम्पर्क स्थापना भएको छ । त्यस्तै नेपाल र भारतका बीच कोएक्सियल लिङ्कद्वारा सञ्चार सम्पर्क कायम भएको छ । ललितपुरमा एकहजार र धनकुटामा दुईसय लाइन टेलिफोन वितरण भएको छ । महेन्द्रनगर, धनगढी, तुलसीपुर, कृष्णनगर, तौलिहवा, परासी, जलेश्वर तथा इनरूवामा माइक्रोवेभ प्रणालीद्वारा अन्तर्देशीय तथा अन्तर्राष्ट्रिय ट्रङ्ककल गर्ने सुविधा उपलब्ध गराइएको छ । अधिराज्यका विभिन्न भू-भागलाई छिटोछरितो सञ्चार माध्यमबाट परस्परमा आवद्ध गर्ने क्रममा ग्रामीण दूर सञ्चार आयोजना कार्यान्वयन गर्नेतर्फ मेरो सरकारले आवश्यक कदम उठाउनेछ । समाचारपत्रहरूको संस्थागत एवं स्वस्थ विकास गराउन मेरो सरकारले प्रयास गर्नेछ ।

१९. सर्वसाधारण जनताको सुविधाको लागि यातायात तथा हवाईसेवा, हुलाक, खानेपानी, स्वास्थ्यसेवा, विद्युत् जस्ता सार्वजनिक सेवाहरूको स्तर र नियमिततामा सुधार गर्ने प्रयास अझ अगाडि बढाइनेछ ।

२०. सर्वसाधारण जनताको दैनिक जीवनको लागि अत्यावश्यक पर्ने खाद्यान्न तथा अन्य उपभोग्य वस्तुहरू र देशका विकास आयोजनाहरू सञ्चालन गर्न आवश्यक निर्माणसामग्रीहरूको नियमित रूपमा आपूर्ति गर्ने तथा जगेडा समेत राख्ने व्यवस्था गरी कृत्रिम मूल्य वृद्धि हुन दिइनेछैन । प्रशासन लगायत सार्वजनिक जीवनमा अनियमितता तथा भ्रष्टाचार जस्ता विकृतिहरूको नियन्त्रण गर्नेतर्फ मेरो सरकार अझ बढी क्रियाशील रहनेछ ।

२१. मुलुकको सामाजिक, राजनैतिक, आर्थिक र विकाससम्बन्धी लक्ष्यहरू हासिल गर्नको निमित्त देशभित्र रहेको शान्ति-सुरक्षा र अमनचैनको स्थितिलाई कायमै राखिनेछ । मेरो सरकारले प्रतिरक्षा तथा सुरक्षा-व्यवस्थालाई बढी सङ्गठित, सुदृढ एवं समयानुकूल तुल्याउन आवश्यक कदमहरू उठाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. शान्तिपूर्ण सह-अस्तित्व, असंलग्नता एवं संयुक्त राष्ट्रसङ्घका उच्च आदर्श अनुरूप संसारका सबै मुलुकहरूसित मैत्री सम्बन्ध अभिवृद्धि गर्ने हाम्रो परराष्ट्र नीतिको लक्ष्य रहिआएको छ । राष्ट्र-राष्ट्रबीच मेलमिलाप र सहयोगको भावना सहित जुनसुकै पनि विवादलाई शान्तिपूर्ण आपसी छलफलद्वारा निराकरण गरिनु पर्ने सिद्धान्तमा हाम्रो अटल आस्था रहिआएको सर्वविदितै छ । त्यसैगरी हातहतियारको होडबाजीमा खर्च भइरहेको धनराशीलाई मानव समुदायको सर्वाङ्गीण विकासमा लगाउन निशस्त्रीकरणको अत्यावश्यकतामाथि मेरो सरकारले सदैव जोड दिंदै आएको छ । यी आदर्शहरू प्रतिको हाम्रो आस्था, समर्थन र त्यस अनुरूपको व्यवहारले गर्दा अन्तर्राष्ट्रिय जगत्मा नेपालको परराष्ट्र नीतिको कदर भएको छ ।

२३. शान्ति र विकास एक अर्काका पूरक हुन् भन्ने धारणामा अडिग रही हाम्रो संविधानद्वारा निर्दिष्ट लक्ष्य अनुरूप नेपाललाई शान्तिक्षेत्रको रूपमा प्रतिष्ठित गराउन मेरो सरकार सधैं कार्यरत छ र रहनेछ ।

२४. छिमेकी मित्रराष्ट्रहरूसित नेपालको सम्बन्धलाई अरू घनिष्ठ र समझदारीपूर्ण तुल्याउँदै जाने कुरालाई मेरो सरकारले सदा झैं प्राथमिकता दिनेछ । यसै धारणा अनुरूप नेपालको छिमेकी देश भूटान अधिराज्यसंग हाम्रो दौत्य सम्बन्ध स्थापना भएको छ ।

२५. गत वर्ष हामीले हाम्रा छिमेकी राष्ट्र जनवादी गणतन्त्र चीन सरकारको मैत्रीपूर्ण निमन्त्रणामा चीनको गान्सु प्रान्त तथा तिब्बत स्वशासित क्षेत्रको भ्रमण गर्‍यौं । यस भ्रमणबाट नेपाल अधिराज्य र जनवादी गणतन्त्र चीनबीच रहिआएको परम्परागत मैत्री सम्बन्ध अरू सुदृढ हुन गएको छ ।

२६. भारतको राजधानी नयाँ दिल्लीमा हालै सम्पन्न असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनमा हामीले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी असंलग्नताका सिद्धान्तप्रतिको हाम्रो प्रतिवद्धता पुनः अभिव्यक्त गरेका छौं । असंलग्नताका मौलिक सिद्धान्तहरूको आधारमा यस अभियानको एकता सुदृढ गर्दै विश्वशान्तिको पक्षमा यस सम्मेलनले सशक्त आवाज उठाएको छ ।

२७. मध्यपूर्व तथा खाडी क्षेत्रका राष्ट्रहरूसित पनि हाम्रो सम्बन्ध उत्तरोत्तर बढ्दै गएको छ । नेपालका विकास आयोजनाहरूमा यस क्षेत्रका मुलुकहरूबाट खासगरी साउदी अरेबिया र कुवेतबाट प्राप्त सहयोगले निकै सघाउ पुर्‍याएको छ । हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको हालै मात्र मित्रराष्ट्र साउदी अरेबियाको औपचारिक भ्रमणबाट उक्त अधिराज्यसँगको हाम्रो सम्बन्ध अझ सुदृढ हुन गएको छ । आगामी वर्षहरूमा यस बढ्दो मैत्री सम्बन्धलाई अझ विकसित तथा विस्तृत पार्ने हाम्रो नीति रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२८

२८. छिमेकी देश जनगणतन्त्र बङ्गलादेशको मन्त्रिपरिषद्का अध्यक्ष महामहिम हुसेन मोहम्मद एर्शादले गर्नु भएको नेपालको औपचारिक भ्रमणबाट दुई देशबीच विद्यमान समझदारी र मैत्रीपूर्ण सम्बन्ध अरू दरिलो हुन गएको छ । त्यसैगरी केही समयअघि पाकिस्तानका राष्ट्रपति महामहिम मोहम्मद जियाउल हकको राजकीय भ्रमणले नेपाल र पाकिस्तानबीच रहिआएको पारस्परिक सम्बन्ध र समझदारी बढाउन सघाउ पुऱ्याएको छ ।

२९. छिमेकी देशहरूसित निकट समझदारी स्थापना गर्ने हेतुले हाम्रा प्रधानमन्त्रीबाट यसै वर्ष भारत, पाकिस्तान र बङ्गलादेशको औपचारिक भ्रमण भएको हो । साथै दक्षिण एशियाली राष्ट्रहरूबीच क्षेत्रीय सहयोगको आधार स्थापना गरी आपसी सहयोग बढाउँदै लैजाने दिशामा मेरो सरकारले सक्रिय भई भाग लिंदै आएको छ ।

३०. मित्रराष्ट्र गणतन्त्र फ्रान्सका राष्ट्रपति महामहिम फ्राँस्वा मित्तराँको केही समय अघि सफलतापूर्वक सम्पन्न भएको नेपालको राजकीय भ्रमणबाट नेपाल तथा फ्रान्सबीच रहिआएको परम्परागत मैत्री सम्बन्ध अझ सुदृढ र बलियो हुन पुगेको छ । यस भ्रमणले दुई देशबीचको सहयोगको क्षेत्रलाई अरू विस्तारित गर्न सघाउ पुऱ्याएको छ ।

३१. यूरोपिय आर्थिक समुदायका राष्ट्रहरूसित नेपालको सम्बन्ध अझ विकसित र व्यापक हुँदै गएको छ । यस सन्दर्भमा गत वर्ष यूरोपिय आर्थिक समुदायको स्थायी समितिका अध्यक्ष महामहिम गेष्टर्न थोर्नको नेपालको औपचारिक भ्रमण र लग्जेम्बर्गका ग्रैण्ड ड्युक तथा डचेजबाट भएको नेपालको अनौपचारिक भ्रमण महत्त्वपूर्ण छन् ।

३२. मेरो सरकारले साना-ठूला कुनै पनि राष्ट्रको आन्तरिक मामिलाको अर्को राष्ट्रले हस्तक्षेप गरेकोमा कडा भर्त्सना गर्दै आएको छ । यही नीति अनुरूप नेपालले कम्पुचिया र अफगानिस्तानमा विदेशी फौजको उपस्थितिको विरोध गर्दै त्यहाँबाट विदेशी फौज कुनै शर्त नराखी तुरुन्त फिर्ता गरी त्यहाँका जनतालाई आत्मनिर्णयको अधिकार दिनु पर्दछ भन्ने आवाज उठाउँदै आएको छ । अहिलेसम्म मध्यपूर्व समस्याको न्यायोचित हल निस्कन नसकेकोमा नेपाल चिन्तित छ । यस समस्याको स्थायी समाधानको निम्ति अधीनस्थ अरब भू-भागबाट इजरायलले हट्नु पर्दछ र इजरायल लगायत त्यस क्षेत्रका सबै राष्ट्रहरूले सुरक्षित सीमानाभित्र शान्तिपूर्वक बस्न पाउने स्थितिको सिर्जना हुनु पर्दछ भन्ने मेरो सरकारको दृढ नीति रहेको छ । साथै प्यालेष्टिनी जनताको एक आफ्नै स्वतन्त्र राज्य स्थापना गर्ने अधिकारलाई मेरो सरकारले मान्यता दिएको छ र मध्यपूर्व समस्याको समाधानसित सम्बद्ध कुनै पनि वार्तालापमा प्यालेष्टिनी जनताको एकमात्र बैध प्रतिनिधि प्यालेष्टिनी मुक्ति सङ्गठनको सहभागिता आवश्यक छ भन्ने कुरामा जोड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिँदै आएको छ । असंलग्न समूहका दुई राष्ट्र इरान र इराकबीच दुई वर्ष अघिदेखि चलिरहेको युद्धको यथाशक्य छिटो अन्त हुनुपर्दछ र शान्तिपूर्ण छलफलद्वारा विवादको समाधान गरिनु पर्दछ भनी मेरो सरकारले आह्वान गर्दै आएको छ । जातिभेद तथा रङ्गभेद जस्ता अमानवीय नीतिको मेरो सरकारले घोर निन्दा गर्दै उपनिवेशवादको तुरुन्त अन्त हुनु पन तथा दक्षिण अफ्रिकाले विनाशर्त अविलम्ब नामिबिया छाडी त्यहाँका जनतालाई स्वतन्त्रता प्रदान गर्नु पर्दछ भनी माग गर्दै आएको छ ।

३३. मित्रराष्ट्रहरू लगायत संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय सङ्घ-संस्थाले नेपालको विकासकार्यमा र हाम्रो खाद्य संकट समाधानका लागि उपलब्ध गराएको सहयोग र त्यसमा अन्तर्निहित सद्भावनाको मेरो सरकारले सराहना गरेको छ र ती सबै राष्ट्रहरू र सङ्घ-संस्थाहरूप्रति यसै अवसरमा हामी कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।

३४. केही समय यता साधारण जनताले आफ्ना पञ्चायतहरूको काम-कारवाहीबारे जागरूकताका साथ अभिरुची देखाएकोमा हामी सबैलाई सन्तोष लागेको छ । तर आलोचना-प्रत्यालोचनाको क्रम कुनै व्यक्तिविशेषप्रतिको मनोमालिन्य र कटुताको धरातलदेखि माथि उठेर मर्यादित र शिष्टतापूर्वक यथार्थताकै आधारमा हुनुपर्ने कुरा पनि निर्विवाद छ । आवेश वा आक्रोश, गैर-जिम्मेवारी व्यवहार वा प्रतिशोधको वातावरणमा प्रजातन्त्र फस्टाउन सक्दैन । उदारता र अनुशासन प्रजातन्त्रका दुई हात हुन् र एकविना अर्को अपूरो नै हुनजान्छ ।

३५. नेपालको पञ्चायत व्यवस्था नेपाली माटोमा नेपाली जनताले नै हुर्काई आफले रोजेको मौलिक प्रजातान्त्रिक परिपाटी भएकोले यसैको माध्यमद्वारा स्वदेशको साधन र स्रोतको प्रभावकारी ढङ्गले परिचालन गरेर नेपाल र नेपालीको कल्याण गर्नसक्नु आजको मुख्य चुनौती हो । इतिहासको यस दायित्वलाई समस्त पञ्चहरूले उत्साह र लगनशीलताका साथ बहन गरी अगाडि बढ्नेछन् भन्ने हाम्रो विश्वास छ । अन्त्यमा, सदा झैं देशवासी सबैबाट राष्ट्रिय हितलाई सर्वोपरि ध्यान दिई मेरो सरकारलाई उचित सहयोग प्राप्त हुनेछ भन्ने हामीले आशा राखिबक्सेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

आज्ञाले,
श्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।